# स्थानान्तरण: विद्यालयमा सकारात्मक सुरुवात

**स्थानान्तरण सिकाई र विकासबारे जानकारी (Transition Learning and Development Statement -TLDS) पूरा गर्न परिवारहरूलाई मद्दत गर्ने निर्देशनहरू**

## विद्यालयमा सकारात्मक सुरुवात किन महत्त्वपूर्ण छ?

विद्यालयको सुरुवात सकारात्मक हुनाले तपाईंको बच्चालाई राम्रोसँग सिक्न र किन्डरगार्टेनबाट विद्यालयसर्दा र उनीहरूको भविष्यको सिकाइमा खुशी महसुस गर्न मद्दत गर्न सक्छ। सकारात्मक स्थानान्तरणले तपाईंको बच्चाको सिकाई र विकासको निरन्तरतामा पनि मद्दत गर्दछ, तपाईंको बच्चालाई पूर्व र वर्तमान अनुभवहरूमा आधारित भएर विकास गर्न उनीहरूलाई सुरक्षित, आत्मविश्वास र सम्पर्क जोडिएको महसुस गर्न मद्दत गर्दछ । विद्यालयमा सकारात्मक सुरुवातले उनीहरूलाई थप लचिलो बन्न मद्दत गर्न सक्छ ।

## स्थानान्तरण शिक्षा र विकासबारे जानकारी (Transition Learning and Development Statement) भनेको के हो?

प्रारम्भिक बाल्यकाल सेवाहरू, विद्यालयहरू, स्कूल समय पछिको हेरचाह (OSHC) सेवाहरू र परिवारहरूले बच्चाहरूको सिकाइ र कल्याणलाई सहयोग गर्न सहकार्य गर्छन् । तिनीहरू स्थानान्तरण शिक्षा र विकासबारे जानकारी (TLDS) को प्रयोग गरेर जानकारी आदानप्रदान गर्छन् । यो प्रत्येक बच्चाको लागि स्कूलजाने बेलामा प्रारम्भिक बाल्यकाल सेवाले लेख्दछ ।

TLDS ले प्रारम्भिक बाल्यकाल सेवाहरू र विद्यालयहरू बीच तपाईंको बच्चाको सिकाइ, विकास र कल्याणको बारेमा जानकारी आदानप्रदान गर्दछ । TLDS ले तपाईंको बच्चाको रुचि, सीप र क्षमताहरूको संक्षिप्त विवरण प्रदान गर्दछ र तपाईंको बच्चालाई सहयोग गर्न व्यक्तिगत तरिका र शिक्षण रणनीतिहरू पहिचान गर्दछ ।

TLDS ले तपाईंलाई आफ्नो बच्चाले स्कुल सुरु गरे पछि शिक्षालाई बुझ्न र सहयोग गर्न मद्दत गर्न सक्छ। TLDS को जानकारीले फाउन्डेशन (आधार तह) का शिक्षकहरूलाई तपाईंको बच्चालाई चिन्न र उपयुक्त शिक्षण कार्यक्रमहरूको योजना बनाउन मद्दत गर्दछ । यदि तपाईंको बच्चा OSHC मा जानेछन् भने, TLDS ले त्यहाँ पनि उनीहरूको त्याहाको समयको लागि योजना बनाउन मद्दत गर्दछ ।

TLDS मा तपाईंको बच्चाको नाम, जन्ममिति र फोटोको साथै तपाईंको नाम र सम्पर्क जानकारी सहित केही व्यक्तिगत विवरणहरूहुन्छन् । यसमा तपाईंको बच्चालाई सहयोग गर्ने अन्य प्रारम्भिक बाल्यकालका पेशाकर्मीहरूको नाम र सम्पर्क विवरणहरू पनि समावेश हुन सक्छ ।

तपाईंको बच्चाको TLDS मा योगदान पुर्याउनु भनेको तपाईं र तपाईंको बच्चाले स्कूल सुरु हुनु अघि सँगै भाग लिन सक्ने स्थानान्तरण गतिविधिहरू मध्ये एक हो ।

## म मेरो बच्चाको TLDS कसरी पहुँच पाउन सक्छु?

तपाईंको बच्चाको प्रारम्भिक बाल्यकाल सेवाले तपाईंलाई अनलाइन TLDS संगालोको लिङ्क दिनेछ । TLDS पूरा गर्ने उत्तम तरिका अनलाइन TLDS मार्फत हो ।

यदि तपाईं यसलाई अनलाइनबाट गर्न सक्नुहुन्न भने, तपाईं यसको सट्टा कागजी प्रतिलिपि माग्न सक्नुहुन्छ ।

## मैले TLDS को कुन भाग भर्नु पर्छ?

*खण्ड 1* र *1.1* तपाईंको बच्चाको प्रारम्भिक बाल्यकाल शिक्षकले भर्नेछन् ।

*खण्ड 1.2 तपाईंको बच्चाको प्रारम्भिक बाल्यकाल शिक्षकले भर्न* सक्छन् यदि तपाईंको बच्चाको विकासात्मक ढिलाइ वा अशक्तता छ भने । तपाईंको बच्चालाई मद्दत गर्ने अन्य पेशेवरहरूले पनि यस भागमा थप्न सक्छन् ।

*खण्ड 2: बच्चा (The Child)* तपाईंको बच्चाले उनीहरुले राम्ररी खिनेको कोही वयस्कसँग भर्दछन् । यो तपाईं, वा उनीहरूको प्रारम्भिक बाल्यकालको शिक्षक हुन सक्छ ।

*खण्ड 3: परिवार (The Family) तपाईंले भर्नु पर्छ* । तपाईंको योगदान महत्त्वपूर्ण छ । यस भागमा प्रश्नहरू हुन्छन् जसले तपाईंको बच्चाको चासो, साथै तपाईंको बच्चा स्कूलमा भएको बखत तपाईंका आफ्ना विचार र आशाहरू साझा गर्न मद्दत गर्नेछन् । यी प्रश्नहरूको जवाफले शिक्षकहरू र OSHC कर्मचारीहरूलाई (यदि लागू भएमा) तपाईंको बच्चाबारे बुझ्न र जान्न मद्दत गर्न सक्छ, जसले उनीहरूको सिकाइ र विकासलाई सहयोग गर्दछ ।

## TLDS भरी सके पछि के हुन्छ?

TLDS भरी सके पछि, तपाईंको प्रारम्भिक बाल्यकाल शिक्षकले भरी सकिएको एक प्रतिलिपि तपाईंलाई दिनेछन् ।

तपाईंको प्रारम्भिक बाल्यकाल शिक्षकले तपाईंको बच्चाको स्कूल र OSHC सेवा (यदि लागू भएमा) सँग भरी सकिएका TLDS हरू पनि साझा गर्नेछन् ।

यदि तपाईंको बच्चा कुन स्कूलमा पढ्नेछ भन्ने कुरामा तपाईं निश्चित हुनुहुन्न भने, तपाईंको प्रारम्भिक बाल्यकाल शिक्षकले तपाईंलाई TLDS को दोस्रो प्रतिलिपि प्रदान गर्नेछ । तपाईंले आफ्नो बच्चा भर्ना गर्दा यो प्रतिलिपि स्कूललाई दिन सक्नुहुन्छ ।

यदि तपाईंले *खण्ड 3: परिवार (The Family)* भर्नुभएन भने, तपाईंको बच्चाको प्रारम्भिक बाल्यकाल शिक्षकले तैपनि अन्य भरी सकिएका खण्डहरू स्कूल र OSHC सेवा (यदि लागू भएमा) सँग साझा गर्नेछ र साझा गरिएको कुराको प्रतिलिपि तपाईंलाई दिनेछ ।

यसरी जानकारी साझा गर्नाले विद्यालय स्थानतारणलाई सफल हुन सहयोग गरेको कुरा विद्यालयहरूले गरेको अनुसन्धान र प्रतिक्रियाले संकेत गरेको छ । यदि तपाईं आफ्नो बच्चाको TLDS स्कूलसँग साझा गर्न चाहनुहुन्न भने, कृपया तपाईंको बच्चाको प्रारम्भिक बाल्यकाल शिक्षकसँग यसबारे छलफल गर्नुहोस् ।

उपयुक्त र सुरक्षित जानकारीले भिक्टोरियाका शिक्षा र हेरचाह गर्ने पेशेवरहरूलाई बाल कल्याण र सुरक्षा सुनिश्चित गर्न आवश्यक ज्ञान र जानकारी प्राप्त गर्न मद्दत गर्दछ ।

थप जानकारीको लागि, https://www.vic.gov.au/information-sharing-schemes-and-the-maram-framework हेर्नुहोस्

## थप जानकारीको लागि

थप जान्नको लागि, तपाईंले www.vic.gov.au/transition-school-resources-families हेर्न सक्नुहुन्छ ।

यो जानकारी धेरै सामुदायिक भाषाहरूमा पनि उहि लिंकमा उपलब्ध छ: www.vic.gov.au/transition-school-resources-families